# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपाल SEACEN कार्यक्रममा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल The South East Asian Central Banks (SEACEN) Research and Training Centre ले मिति २०७५ मंसिर १३ देखि १६ गते (29 Nov-Dec 2, 2018) सम्म श्रीलंकाको कोलम्बोमा आयोजना गरेको ५४ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३८ औं SEACEN Board of Governors' Meeting मा सहभागी भई मंसिर १९ गते स्वदेश फर्कनु भयो ।




उक्त अवसरमा गभर्नर डा. नेपालले Inflation in Emerging Economies विषयक सेसनको अध्यक्षता गर्नुभयो । Development Prospects Group, World Bank का निर्देशक Dr. Ayhan Kose ले वार्ता प्रस्तुत गर्नु भएको उक्त सेसनमा अध्यक्षका रुपमा मन्तव्य राख्दै गभर्नर डा. नेपालले आर्थिक विकासका चुनौती र प्रभाव, विश्व अर्थतन्त्र र मौद्रिक नीति तथा मुद्रास्फीति र यसले नेपाल जस्ता देशहरुलाई पार्ने असरका बारेमा चर्चा गर्नुभयो ।




सम्मेलनको तेस्रो दिन गभर्नर डा. नेपाल सिसन बोर्ड अफ गभर्नर्सको ३८ औं बैठकमा सहभागी हुनुभयो । सो बैठकले Central Bank of Sri Lanka का गभर्नर Dr. Indrajit Coomaraswamy लाई आगामी एक वर्षका लागि बोर्डको अध्यक्षमा चयन गऱ्यो । बैठकले SEACEN Centre को आगामी वर्षको प्रस्तावित बजेट तथा कार्यक्रम एवं केन्द्रले आयोजना गर्ने तालिम तथा अनुसन्धानमूलक कार्यक्रमहरु पारित गर्नुका साथै ५५ औं गभर्नर्स सम्मेलन तथा ३९ औं बोर्ड अफ गभर्नर्स बैठक आयोजना गर्न Singapore ले राखेको प्रस्तावलाई धन्यवाद सहित स्वीकृत गऱ्यो ।

मूलत: MONETARY POLICY IN A RAPIDLY EVOLVING ENVIRONMENT विषयमा केन्द्रित उक्त कार्यक्रममा Central Bank Digital Currencies का विषयमा समेत कार्यपत्र प्रस्तुत भएको थियो । SEACEN का सदस्य केन्द्रीय बैंकका गभर्नरहरु, कार्यकारी निर्देशकहरु र अन्य अतिथिहरुले भाग लिनुभएको SEACEN Governors' Conference/High Level Seminar तथा ३८ औं SEACEN Board of Governors' Meeting का क्रममा गभर्नर डा. नेपाल र सदस्य के न्द्रीय बैंकका गभर्नरहरु बीच आपसी हित तथा द्विपक्षीय सहयोगका सम्बन्धमा पनि छलफल भयो ।



गभर्नर डा. चिरंजीबि नेपाल सो Conference/Seminar/Meeting मा सहभागी हुन मंसिर १२ गते कोलम्बोतर्फ प्रस्थान गर्नु भएको थियो । वित्तीय, मौद्रिक, बैंकिङ, आर्थिक विकाससँग सम्बन्धित क्षेत्रहरुमा अनुसन्धान तथा सदस्य केन्द्रीय बैंक र मोनिटरी अथोरिटीहरुलाई उक्त विषयहरुमा तालिम प्रदान गर्ने उद्देश्यले सन् १९८२ मा स्थापना भएको The South East Asian Central Banks (SEACEN) Research and Training Centre को नेपाल संस्थापक सदस्य हो ।

मिति: २०७५।८।१९ गभर्नरको कार्यालय